फोन: ०५६-४१०१२२,४१०११९
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मिति २०८१।१०।२५

**विषय: आधारभूत तह (कक्षा ८) परीक्षाका लागी आवेदन फाराम भर्ने भराउने सम्बन्धमा।**

श्री सम्बन्धित विद्यालयहरू (सबै)
इच्छाकामना गाउँपालिका, चितवन।

प्रस्तुत विषयमा ऐ गाउँपालिकाको आधारभूत तह परीक्षा समितिको मिति २०८१।१०।२५ गतेको निर्णयानुसार आधारभूत शिक्षा परीक्षा २०८१ मा सहभागी हुने नियमित परीक्षार्थीहरुको आवेदन फाराम भर्ने भराउने कार्य तपसिल बमोजिम व्यवस्थापन गर्नुहुन अनुरोध गरिन्छ।

<u>तपसिल</u>

१. आधारभूत शिक्षा परीक्षा, २०८१ शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Educational Management Information System, EMIS) बाट online प्रणालीमार्फत सञ्चालन गरिने भएकाले उक्त प्रणालीमा विद्यालयहरूले विद्यार्थीको फोटो अपलोड गर्ने तथा विद्यार्थीहरूको नाम, थर, जन्ममिति बाबु र आमाको नाम, थर लगायतका आधारभूत विवरणहरू पछिसम्म फरक नपर्ने गरी परीक्षार्थीहरूको आवेदन फाराम मिति २०८१ फाल्गुन ५ गतेभित्र विद्यालयले भर्ने भराउने।

२. सही सही विवरण भरेको आवेदन फाराम प्रधानाध्यापकले प्रमाणित गर्ने तथा सोको Aphabetical Order मा मिलान गरेको समष्टिगत फारामसहित आवेदन फाराम, जन्म दर्ताको प्रतिलिपि, परीक्षा शुल्क (संस्थागत विद्यालयबाट सहभागी हुनेको हकमामात्र) र कक्षा ७ को ग्रेडसिट प्रतिलिपि सहित मिति २०८१ फागुन ९ गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने।

३. आधारभूत शिक्षा परीक्षा, २०८१ मा संस्थागत विद्यालयहरूवाट सहभागी हुने परीक्षार्थीका लागि प्रति परीक्षार्थी रू ३००।– का दरले हुन आउने जम्मा रकम परीक्षा शुल्कको वापतको दाखिला भौचर आवेदन फारामको साथमा मिति २०८१ फागुन ९ गतेभित्र पेश गर्ने।

४. सबै विद्यालयहरूले EMIS मा अनलाईन आवेदन गरी शिक्षा, युवा तथा खेलकुद शाखाबाट Symbol No कायम भईसकेपछि प्रवेशपत्र प्रिन्ट गर्ने।

५. आधारभूत शिक्षा परीक्षा, २०८१ मा विद्यालयबाट सहभागी हुने सबै परीक्षार्थीहरूको आन्तरिक मूल्याङ्कन आन्तरिक-मूल्याङ्कन-मापदण्ड-२०८०-कक्षा (४-८) अनुसार गरी समष्टिगत अङ्क EMIS मा प्रविष्ट गरी सो को प्रमाणित प्रतिलिपि विषय शिक्षक र प्रधानाध्यापक समेतले प्रमाणित गरी मिति २०८१ फागुन १२ गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना तथा सञ्चार प्रविधि शाखा
इच्छाकामना गाउँपालिकाः वेबसाइटमा प्रविष्ट गरिदिनु हुन



CamScanner